मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १९९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन १५ गते बिहीबार ❑ 31 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## जलवायु न्यायको विषय अन्तरराष्ट्रिय जगत्मा उठाइरहेका छौँ - मन्त्री देउवा

पोखरापत्र संवाददाता
पोखरा, १४ साउन



परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले नेपालले अन्तरराष्ट्रिय जगत्मा जलवायु न्यायको विषयलाई सशक्त ढङ्गले उठाउँदै आएको बताउनुभएको छ ।

नेपाल तरुण दल कास्कीद्वारा बुधबार पोखरामा आयोजित 'नेपालको परराष्ट्रनीति, जलवायु परिवर्तन एवं तरुण युवाहरुको सरोकार विषयक संवाद कार्यक्रम'मा उहाँले नेपाललाई जलवायुजन्य हानिनोक्सानीसम्बन्धी अन्तरराष्ट्रिय कोषबाट क्षतिपूर्ति दिनुपर्ने धारणा राख्नुभयो ।

सो विषयमा हालै अन्तरराष्ट्रिय न्यायिक अदालतमा समेत नेपालका पक्षबाट आफूले आवाज उठाएको उल्लेख गर्दै मन्त्री देउवाले विकसित देशले गरिरहेको कार्बन उत्सर्जनको नकारात्मक असर नेपालले भोग्नुपरिरहेको बताउनुभयो । "हामीलाई हानिनोक्सानी कोष दिनुपर्ने, बाढीपहिरोले भत्केका पुल, विद्यालयजस्ता भौतिक संरचना बनाइदिनुपर्ने विषयमा जोडका साथ उठाएका छौँ", उहाँले भन्नुभयो, "नेपालले पनि कार्बन उत्सर्जनलाई शून्यमा झार्नुपर्छ, अहिले रहेको ४५ प्रतिशत वन क्षेत्रलाई अझ बढाउन वृक्षरोपण अभियान सञ्चालन गर्नुपर्छ ।"

उहाँले जलवायु परिवर्तनले ठूलो चुनौती निम्ताएको भन्दै यसको जोखिम न्यूनीकरणमा नयाँ पुस्ताको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । पछिल्लो समय जलवायु परिवर्तनले पारेका असरबारे जनगुनासो धेरै आउने गरेको मन्त्री देउवाको भनाइ छ । जलवायु परिवर्तनको असरबाट आउने पिँढीलाई बचाउन वृक्षरोपण गर्नुपर्ने, प्लाष्टिकको प्रयोग कम गर्नुपर्ने, विद्युतीय गाडी तथा नवीकरणीय ऊर्जाको प्रयोगलाई बढाउनुपर्ने उहाँले बताउनुभयो । मन्त्री देउवाले नेपाल भूराजीतिक हिसाबले संवेदनशील र रणनीतिक महत्वको भूगोलमा रहेको बताउनुभयो। स्थिर परराष्ट्रनीतिका कारण नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता विश्वमाझ स्थापित बनेको उहाँको भनाइ छ । "नेपालको आफ्नै परराष्ट्र नीति छ, विश्व समुदायमा आफ्नै पहिचान छ, यसलाई विगतदेखि नै हामीले कायम गर्दै आएका छौँ, यो हामी सबैको गौरवको विषय हो", मन्त्री देउवाले भन्नुभयो, "हाम्रो कूटनीति र अन्तरराष्ट्रिय सम्बन्धका कारण विदेशी मुलुकहरुले नेपाललाई उच्च सम्मान दिने गरेका छन् ।"

कार्यक्रममा राष्ट्रियसभा सदस्य एवं नेपाल तरुण दलका निवर्तमान केन्द्रीय अध्यक्ष जितजङ्ग बस्नेतले तरुण दलका सबै तहका अधिवेशन समयमा सम्पन्न गर्न आग्रह गर्नुभयो। उहाँले सरकार गठनका बेला कांग्रेस र नेकपा (एमाले)बीच भएको सात बुँदे सम्झौता कार्यान्वयनमा जोड दिनुभयो । नेपाल तरुण दलका अध्यक्ष विद्वान गुरुङले विपद्का बेला राहत तथा उद्धारमा खट्न तरुण दलका सदस्यलाई आग्रह गर्नुभयो ।

## गण्डकीमा ७९ हजार बढी हेक्टरमा रोपाइँ

पोखरापत्र संवाददाता
पोखरा, १४ साउन

हालसम्म गण्डकी प्रदेशमा ७९ हजार ८३८ हेक्टर क्षेत्रफलमा रोपाइँ भएको छ । जुन यस वर्ष रोपाइँ हुने क्षेत्रफलको झण्डै ८५ प्रतिशत हो । प्रदेश कृषि विकास निर्देशनालयका अनुसार यस वर्ष ९४ हजार १८२ हेक्टरमा रोपाइँ हुने अनुमान छ ।

पछिल्लो आकडाअनुसार सबैभन्दा धेरै बागलुङमा ९५ प्रतिशत, लमजुङमा ९३ दशमलव १८ प्रतिशत, कास्कीमा ९० दशमलव ०१ प्रतिशत, नवलपुरमा ७८ दशमलव ७० प्रतिशत, तनहुँमा ८८ प्रतिशत, म्याग्दीमा ८६ दशमलव ०५ प्रतिशत, स्याङ्जामा ८१ दशमलव ८४ प्रतिशत, गोरखामा ७८ दशमलव ४० र पर्वतमा ८० प्रतिशत रोपाइँ भएको हो ।

निर्देशनालयका कृषि अर्थविज्ञ मनोज पौडेलका अनुसार अकासे पानीमा निर्भर हुने क्षेत्रमा रोपाइँ केही ढिला भएको छ । वर्षाले साथ दिएमा आगामी सातासम्ममा अधिकांश क्षेत्रको रोपाइँ सकिने छ । हिमालपारिको जिल्ला मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा धानखेती हुँदै आएको छ । गत वर्ष ९६ हजार ५३ हेक्टरमा धानखेती गरिएकामा यस वर्ष धानखेतीको क्षेत्रफल घटेको हो । घरघडेरीले धानको उब्जाउ क्षेत्र नासिनु, तीव्र सहरीकरणजस्ता कारणले धानखेतीको क्षेत्रफल खुम्चँदै गएको हो । क्षेत्रफल घटे पनि सिँचाइ, खेती प्रणालीमा सुधार, रोगकीरा नियन्त्रण, उन्नत बीउ, प्रविधि र मल व्यवस्थापन बेलैमा हुनसके धानको उत्पादकत्व बढ्ने कृषि अर्थविज्ञ पौडेलले बताउनुभयो ।

गण्डकीमा सावित्री, रामधान, जेठोबुढो, खुमल, सुक्खा, एक्ले, पहेँले, गौरिया, मनुसली, सुनौलो सुगन्धलगायत जातका धानखेती गरिन्छ । प्रदेशको चार लाख ७९ हजार ६१७ हेक्टर खेतीयोग्य जमिनमध्ये बर्खे र चैते गरी झण्डै एक लाख हेक्टरमा धानखेती हुने गरेको छ ।

## कास्कीमा पहिरोमा पुरिएर एकको मृत्यु, एक घाइते

पोखरापत्र संवाददाता
पोखरा, १४ साउन

कास्कीको माछापुच्छ्रे गाउँपालिका-३ घाचोकमा बुधबार पहिरोमा परेर एक जनाको मृत्यु भएको छ ।

घाचोकका लस्तीखोलास्थित हेमजा-माछापुच्छ्रे सडक खण्डमा बिहान खसेको पहिरोमा पुरिएर पोखरा महानगरपालिका-२५ का २३ वर्षीय तेजबहादुर गुरुङ मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिनुभयो ।

उहाँका अनुसार सो स्थानमा बिहान ९:३० बजे पहिरो गएको थियो । दिउँसो २:२५ बजे पहिरो पन्छाउने क्रममा गुरुङको शव फेला परेको प्रहरी नायब उपरीक्षक बस्नेतले जानकारी दिनुभयो । बङ्गुर फार्ममा दाना लिएर जाने क्रममा गुरुङ पहिरोमा पुरिएको प्रहरीले जनाएको छ ।

घटनामा स्थानीय शुक्ला गण्डकी माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक माछापुच्छ्रे -३ निवासी ४६ वर्षीय सुरजमोहन पोखरेल घाइते हुनुभएको छ । उहाँको पोखराका मणिपाल शिक्षण अस्पतालमा उपचार भइरहेको छ । शिक्षक पोखरेललाई स्थानीयले उद्धार गरी अस्पताल लगेका थिए ।

## व्यास नगरपालिकामा ठेक्कामार्फत १५ योजना सम्पन्न

पोखरापत्र संवाददाता
दमौली, १४ साउन

यहाँको व्यास नगरपालिकाले गत आर्थिक वर्ष २०८१/८२ मा ठेक्कामार्फत सञ्चालित ३३ योजनामध्ये १५ योजना सम्पन्न गरेको छ । व्यास नगरपालिका योजना तथा पूर्वाधार विकास शाखाका अनुसार कूल एक हजार ५७ योजनामध्ये ९९५ योजना सम्पन्न भएका हुन् ।

उपभोक्ता समितिबाट सञ्चालन भएका एक हजार २४ मध्ये ९८० र ठेक्काबाट सञ्चालन भएका ३३ योजनामध्ये १५ योजना सम्पन्न भई १८ वटाको सम्झौताको चरणमा छन् । उपभोक्ता समितिबाट सञ्चालित योजनामध्ये ४० वटाको सम्झौता भएको र चार वटा सम्झौता हुन नसकेको योजना शाखा प्रमुख भेषराज तिवारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो "विश्व बैंकको आर्थिक सहयोगमा नेपाल सहरी तथा शासकीय पूर्वाधार आयोजना अन्तर्गत व्यास नगरपालिकाको- ७, ९, १० र ११ मा पर्ने पराशर मार्गमा १०.६ किमी कालोपत्रका लागि ठेक्का भइ काम सुरु भइरहेको छ ।"

उक्त योजनाका लागि रु ४० करोड ८३ लाख ३५ हजार ९२१ बजेट रहेको यस आयोजनाको हालसम्म भौतिक प्रगति १७.४५ प्रतिशत छ । बुल्दी खोला मोटरेबल (करङकाठ बसपार्क) पुल रु छ करोड ५० लाखमा निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको छ । उहाँले भन्नुभयो, "व्यास नगरपालिका-५ मानहुँकोट सिद्धबाबा मन्दिर रु बीस लाख दुई हजार ९५६ मा ठेक्का सम्झौता भइ निर्माण सम्पन्न भएको छ ।" सोही वडास्थित उदय मावि र बाख्रे जोड्ने सोङगेखोला झोलुङ्गे पुल पहिलो चरणमा रु ३० लाख ४५ हजार १२२ मा निर्माण गरिएको छ ।

व्यास-७ सहीद गेट निर्माण रु १२ लाख ९१ हजार ९६१ मा निर्माण सम्पन्न भएको छ । व्यास-१० व्यास नगर कोभिड अस्पताल रु ९६ लाख ३८ हजार ८७६ मा सम्पन्न भएको छ । व्यास-११ शीतभण्डार निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिनुभयो ।

## राजस्व संकलन घट्यो

पोखरापत्र संवाददाता
तनहुँ, १४ साउन

यहाँको मालपोत कार्यालयको गत आर्थिक वर्ष २०८१/८२ मा राजस्व सङ्कलनमा कमि आएको छ ।

अघिल्लो आव २०८०/८१ को तुलनामा २०८१/८२ मा रु तीन करोड ३१ लाख ४२ हजार ७२८ ले राजस्व सङ्कलन घटेको हो । आव २०८०/८१ मा रु ३५ करोड ९५ लाख ५२ हजार २२८ राजस्व सङ्कलन गरेकामा गतवर्ष रु ३२ करोड ६४ लाख नौ हजार ४८० सङ्कलन भएको सो कार्यालयले जनाएको छ । जग्गा वर्गीकरणमा कृषिमा न्यून र आवासमा बढी दस्तुर लाग्ने हुँदा अधिकांश जग्गा कृषिमा परेकाले राजस्व सङ्कलनमा


बाँकी अन्तिम पृष्ठमा ▶▶



पोखरा इन्जिनियरिङ्ग कलेज
पोखरा-८, फिर्के
विशेष सहुलियत शुल्कमा
भर्ना खुल्यो
शैक्षिक शत्र २०८२/०८३ को लागि तपसिलको
कार्यक्रमहरुमा भर्ना खुल्यो ।
फारम भर्ने अन्तिम मिति
२०८२/०४/२० गते
कार्यक्रमहरु
◆ डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग
◆ डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ्ग
◆ प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग
फोन नं ०६१-५७५९२६/५८१२०९/५७८५३०
मो.: ९८४६५५०३४७, ९८५६०४४२५९
www.pec.edu.np
नोट : SEE/SLC उत्तीर्ण विद्याथीहरुका लागि सीमित सिटमा भर्ना खुल्यो ।





सुपथ मूल्यमा आकर्षक छपाइ





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# 'बगैँचा रिसोर्ट एण्ड स्पा' संचालनमा, परराष्ट्रमन्त्री आरजु राणा देउवाद्वारा उद्घाटन

पोखरापत्र संवाददाता
पोखरा, १४ साउन

पोखराको लेकसाइडमा आधुनिकता, परम्परा र प्रकृतिको समिश्रणका साथ निर्मित बगैँचा रिसोर्ट एण्ड स्पाको भव्य उद्घाटन गरिएको छ । अंशुभरा ग्रुपद्वारा प्रवर्द्धित यो पर्यावरणमैत्री लक्जरी रिसोर्टको उद्घाटन नेपाल सरकारकी परराष्ट्रमन्त्री माननीय डा. आरजु राणा देउवाले गरेकी हुन् ।



उनले दीगो पर्यटन, स्थानीय उत्पादनको प्रयोग र सामाजिक उत्तरदायित्वमा आधारित उद्यमहरू देशको भविष्य निर्माणमा महत्वपूर्ण बन्ने उल्लेख गरिन्। उनले पछिल्लो पुस्ताले व्यवसायमा देखाएको सक्रियता प्रशंसायोग्य भएको बताउँदै देशमै अवसर र सम्भावनाको खोज गर्न आग्रह गरिन् । "अहिलेको जेनेरेसन व्यवसायमा लागिरहेको देख्दा खुशी लाग्छ । विदेशमा जसरी मेहनत गर्छौं, यदि यहीँ पनि त्यसरी नै गरे थुप्रै सम्भावना छन्। नेपालमै केही गर्न सकिन्छ भन्ने सोच सकारात्मक छ ।", उनले भनिन् । उनले बगैंचाजस्तो लगानीमैत्री परियोजनाहरूले सस्टेनेबल टुरिजम अर्थात् दिगो पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरिन् । "सस्टेनेबल टुरिजमको अवधारणालाई आत्मसात् गर्दै बगैंचाले एउटा उदाहरणीय काम गरेको छ। यसले पोखराको पर्यटन मात्र होइन, सम्पूर्ण मुलुकको पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउनेछ", उनले भनिन् । उनका अनुसार पछिल्ला केही महिनामा सरकारले लगानीको वातावरण बनाउन महत्वपूर्ण कामहरू अघि बढाएको छ। पछिल्लो ६ महिनामा सरकारले गरेको काम प्रशंसायोग्य भएको र पर्यटनलगायतका क्षेत्रलाई अघि बढाउन यस्ता वातावरण बनाउँदै जानुपर्ने विषयमा उनले जोड दिइन् । कार्यक्रममा गण्डकी प्रदेश सरकारका पूर्व मुख्यमन्त्री खगराज अधिकारीले बगैंचा रिर्सोट एण्ड स्पामा भएको लगानीले पोखराको पर्यटन, रोजगारी र स्थानीय उत्पादनमा बहुआयामिक योगदान दिने विश्वास व्यक्त गरे । अंशुवरा ग्रुपका चेयरमेन एवम् गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले बगैंचालाई व्यावसायिक सफलताको मात्र होइन, सामाजिक उत्तरदायित्व र वातावरणीय संरक्षणको दृष्टिकोणबाट अघि बढाएको उल्लेख गरे । उनले पोखराको पर्यटनको दीर्घकालीन विकासका लागि पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र कोरला नाकाको प्रभावकारी सञ्चालन अपरिहार्य भएको उल्लेख गरे । उनले मन्त्री देउवामार्फत भारत, चीनलगायत देशहरूबाट सिधा उडान र द्विपक्षीय सहकार्यका लागि पहल गर्न अनुरोध गरेका छन् । अंशुभरा ग्रुपका प्रबन्ध निर्देशक तथा रिसोर्ट संचालक सौगात थापाले बगैँचा रिसोर्टलाई सहरभित्रको हरित विश्रामस्थलको रूपमा विकास गर्न खोजिएको बताए । "यहाँको हरेक सामग्री, संरचना र सेवाले पाहुनालाई प्रकृतिसँग पुनः जडान गराउनेछ", उनले भने।

बगैँचा विचार, विश्राम र पुनर्जागरणको समिश्रण भएको भनाई उनको छ । आफ्ना बुवा विन्दु कुमार थापाको समर्थन र मार्गदर्शनले नै सपना साकार भएको उल्लेख उनले गरे। अंशुवरा ग्रुपले हस्पिटालिटी, रियल स्टेट, व्यवसायिक मल, अटोमोबाइल र कृषि क्षेत्रमा लगानी गरेको उनले जानकारी गराए । बगैँचा रिसोर्ट एण्ड स्पामा १ सय ५० डलर देखि ३ सय ५० डलर सम्मको रुमको व्यवस्था गरिएको छ। जहाँ ३२ वटा कोठा, ४ किसिमका लक्जरी सुइटहरू (स्ट्यान्डर्ड, एक्जिक्युटिभ, आर्बर सुइट, बगैँचा सुइट) छन्, सबैमा निजी बाल्कोनीसहित हरियाली दृश्यको अनुभव लिन सकिन्छ।

रिसोर्टभित्र रहेको 'टारो पूलसाइड बार' र 'मरिच इन्डो-चाइनीज रेष्टुरेण्ट' तथा 'उमामी प्यान-एशियन रेष्टुरेण्ट' ले स्वादमा समेत बहुराष्ट्रिय विविधता ल्याउने बताइएको छ । यहाँ प्रयोग गरिने खाद्य सामग्री रिसोर्टकै अर्गानिक फार्म बाट ल्याइनेछ । बगैँचाको अर्को विशेषता भनेको यसको शून्य प्लास्टिक नीति हो । काठ, ढुंगा, हस्तकला र महिला उद्यमीहरूको उत्पादनलाई प्राथमिकता दिइएको छ । एकल महिलाद्वारा निर्मित सामग्री, राउटे समुदायका परम्परागत भाँडाकुँडाको प्रयोगजस्ता तत्वहरूले यसलाई सांस्कृतिक संरक्षणको जीवित थलो बनाएको छ । रिसोर्टमा जलवायु सचेतता अनुरूप वर्षातको पानी संकलन, विद्युतीय सवारीसाधनको प्रयोग र स्थानीय जैविक विविधताको संरक्षण गरिएको छ। स्पा सेवामा पारम्परिक नेपाली उपचार विधि, योग अभ्यास, सिङ्गिङ बाउल थेरापी र साउन्ड हेलिङजस्ता ध्यानात्मक कार्यक्रम बगैँचाको विशिष्टता भएको संचालक सौगात थापाले जानकारी दिए । साथै, स्थानीय जडीबुटीबाट तयार पारिएको 'बगैँचा विशेष चिया' पाहुनाका लागि एक विशेष अनुभव हुने विश्वास समेत गरिएको छ।

# पत्रकार गुरुङ र श्रेष्ठलाई कञ्चन पत्रकारिता पुरस्कार

पोखरापत्र संवाददाता
पोखरा, १४ साउन





नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) गण्डकीद्वारा सञ्चालित कञ्चन पत्रकारिता पुरस्कारबाट कास्कीका फोटो पत्रकार राम गुरुङ र गोरखाका पत्रकार सुशिलबाबु श्रेष्ठ (कैलाश) सम्मानित हुने भएका छन् ।

पोखराका व्यवसायी बिमलमान गुभाजुसहित उनको परिवारद्वारा स्वर्गीय बुवाआमा वेदमान गुभाजू र नेत्रकुमारी गुभाजूको स्मृतिमा स्थापित यस पुरस्कार यो वर्ष पत्रकारद्वय गुरुङ र श्रेष्ठलाई प्रदान गरिने भएको हो । प्रतिभा छनोट समितिले गरेको सिफारिस गरेको गुरुङ र श्रेष्ठको नाम फोनिज गण्डकीको मंगलबारको बैठकले अनुमोदन गरेको फोनिज गण्डकी अध्यक्ष खिमा गुरुङले जानकारी दिइन । अधिवक्ता सुरेन्द्र थापामगर संयोजक रहेको प्रतिभा छनोट समितिको सदस्यहरुमा फोनिजका संघीय सल्लाहकार शान्ति गुरुङ, फोनिज गण्डकी इन्चार्ज रुद्र श्रीषमगर, अध्यक्ष खिमा गुरुङ र महासचिव सुरज थापामगर थिए । यो पुरस्कार फोनिजको २६ औं स्थापना दिवसका अवसरमा साउन २७ गते प्रदान गरिनेछ। उक्त पुरस्कारको राशि जनही २५ हजार रुपैयाँ र सम्मानपत्र रहेको छ । कञ्चन पत्रकारिता पुरस्कार २०८२ बाट सम्मानित हुन लागेका फोटो पत्रकार गुरुङले गण्डकी प्रदेशलाई कार्यक्षेत्र बनाएर पत्रकारिता गरिरहेका छन् । अहिले पोखरासिटी डटकममा कार्यरत गुरुङले अन्तर र्ष्ट्रिय समाचार एजेन्सी रोयटर्स् र सिन्हुवामा काम गरिसकेका छन् । उनी नेपाल फोटो पत्रकार संघ कास्कीका अध्यक्ष हुन् । सम्मानित हुन लागेका अर्का पत्रकार श्रेष्ठले लामो समयदेखि गोरखालाई कार्यक्षेत्र बनाएर पत्रकारिता गरिरहेका छन् । उनले दरौदी पाक्षिक पत्रिकाबाट पत्रकारिताको सुरुआत गरेका थिए । श्रेष्ठले गोरखा पत्र दैनिक, हिमालय टाइम्स, राजधानी दैनिक, नेपाल एफएम (काठमाडौं), रेडियो पालुङ (मकवानपुर), रेडियो मुक्तिनाथ (पाल्पा), रेडियो गोरखा, एभिन्यूज टेलिभिजन, गोरखा समाचार दैनिक पत्रिकामा काम गरिसकेका छन् । अहिले उनी गोरखा समाचार डटकममा आवद्ध छन् । गण्डकी प्रदेशलाई कार्यक्षेत्र बनाएर पत्रकारिता गरिरहेका दुई जना पत्रकारलाई फोनिज गण्डकीले प्रत्येक वर्ष यो पुरस्कार प्रदान गर्दै आइरहेको छ। वि.स २०७७ सालमा स्थापित यो पुरस्कारबाट यसभन्दा अगाडि रुद्रबहादुर हितानमगर, राजेशचन्द्र राजभण्डारी, शान्ति गुरुङ, केबी रानामगर, उदयबहादुर अमात्य, आश गुरुङ, हुमबहादुर गुरुङ, सुन्दरकुमार थकाली, दिपेन्द्र श्रेष्ठ र कमला रानामगर सम्मानित भइसकेका छन् । साथै, स्थापना दिवसका अवसरमा फोनिज गण्डकीले तीन दिवसीय कार्यक्रम गरी मनाउने निर्णय गरेको छ । जसअनुसार साउन २५ गते फोनिज संवाद, २६ गते पत्रकारहरुबीच मैत्रीपूर्ण खेलकुद र २७ मूल समारोह आयोजना गरिने अध्यक्ष गुरुङले बताइन् ।

# सहारामा हिमालयन आँखा अस्पतालले गर्यो निःशुल्क शिविर

पोखरापत्र संवाददाता
पोखरा, १४ साउन

पोखरा -९, शिवटोल बसपार्कमा रहेको सहारा बाल आधारभूत विद्यालयमा हिमालयन आँखा अस्पतालले १ दिने निःशुल्क आखा शिविर सञ्चालन गरेको छ ।



हिमालयन आँखा अस्पतालका व्यवस्थापन समितिका अध्यक्ष एवम् वरिष्ट अधिवक्ता सुरेन्द्र थापा मगरको प्रमुख आतिथ्यमा सम्पन्न भएको कार्यक्रममा अस्पतालका प्राविधिक सहितको टोलिले १९७ जनाको आँखा परीक्षण गरेको थियो । विद्यालयको समग्र अवस्थाको जानकारी सहित विद्यालयमा नेत्र सम्वन्धी क्षेत्रमा निःशुल्क सेवा प्रदान गर्ने हिमालयन आँखा परिवारलाई धन्यवाद व्यक्त गर्दै विद्यालयका प्रधानाध्यापक लोचना अधिकारीले स्वागत मन्तव्य राखेकी थिइन् । कार्यक्रममा विद्यालयका निवर्तमान संयोजक तथा पोखरा -०९,का जनप्रतिनिधी नन्दराम गिरिले पनि मन्तव्य राखेका थिए ।

मन्तव्यका क्रममा समाज रुपान्तरणको पहिलो चरण नै शिक्षा भएको हुँदा सवैले शिक्षा गुणस्तरीय र बालमैत्री हुनुपर्नेमा जोड दिदै स्वस्थ्य अँखा भएमा सिकाई प्रभावकारी हुने बताए ।

कार्यक्रममा प्रमुख अतिथी एवम् वरिष्ठ अधिवक्ता सुरेन्द्र थापा मगरले विपन्न बस्तिका बालबालिकाहरुलाई निःशुल्क रुपमा सेवा गर्ने अवसर प्रदान गरेकोमा विद्यालयलाई धन्यवाद व्यक्त गरे। सोहि क्रममा विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुलाई आगमी दिनमा पर्ने आँखा सम्वन्धी समस्याहरु पैदा भएको खण्डमा विद्यालयको सिफारिस सहित अस्पतालमा आएमा मिल्ने सम्म छुट सहित सहुलिएत प्रदान गर्ने प्रतिवद्दता व्यक्त गरे । सोही क्रममा भरतको राजधानी दिल्लीको एक विपन्न वस्ती बाट वर्षेनी डाक्टर, इन्जिनियर हरु दिक्षित हुने गरेको उदाहरण दिदै हिलोमा नै कमल फूल्दछ र यस्तै विपन्न र अव्यवस्थित वस्तिका वालाबलिकाहरुलाई भविष्यमा राज्यको सक्षम र सवल नागरिक हुन प्रेरित गरे । साथै सामुदायीक विद्यालयमा विद्यार्थीको तुलनामा शिक्षक को सत्ख्या धेरै हुने गरेका अवस्थालाई चरितार्थ गर्दै सहारा विद्यालयका विद्यार्थीहरुको सत्ख्या र शैक्षिक उपलब्धि देख्दा खुशी व्यक्त गरे । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विक्रम थकालीले विपन्न तथा अव्यवस्थित वस्तिका बालबालिकाहरुलाई स्वास्थ्य उपचार पहुचयोग्य हुने अवस्थामा नरहेको अवस्थामा हिमालयन आँखा अस्पताले निःशुल्क रुपमा आँखा शिविर सञ्चालन गरि आवश्यक बालबालिकाहरुलाई निःशुल्क रुपमा चस्मा समेत प्रदान गरेकोमा खुशी ब्यक्त गरे ।

सोहि क्रममा डा. मनेन प्रसाद गोर्खाली लाई स्मरण गर्दै उहाँको समन्वयमा यो कार्यक्रम सञ्चालन गर्ना पाउँदा हर्षित भएको बताउँदै उपस्थित सहयोगी दाताहरु, बिभिन्न संघ संस्थाका पदाधिकारीहरु, शिविर सञ्चालन गर्ने प्राविधिक टिम लगाएत शिक्षक, अभिभावक र विद्यार्थीहरुलाई धन्यवाद ज्ञापन गरे । विद्यालयका शिक्षक सुदिप कोइरालाले सञ्चालन गरेको कार्यक्रममा विशेष अतिथी पोखरा महानगरपालिका वडा नं ०९, का वडा अध्यक्ष दिपेन्द्र मर्सानी, विद्यालयका सल्लाहकार एवम् समितका पदाधिकारीहरु, सहारा क्लबका कार्यसमिति एवम् पुर्व पदाधिकारीहरु, छिमेकी टोल बिकास संस्था तथा आमा समूहका पदाधिकारिहरुका साथसाथै अभिभावक, शिक्षक, विद्यार्थीहरुको उपस्थिती रहेको थियो ।


## चट्याङबाट बच्न निम्न उपाय अपनाऔं ।

**घरबाहिर हुँदा**

- आकाशमा विजुली चम्किदा, गड्याङगुडुङ हुँदा घरभित्र जाऔं,
- नजिकै घर नभए ओतमा बसौ.
- रुख वा विजुलीको पोलमुनि नवसौ,
- छाता नओढौ,
- खेतबारीमा काम नगरौं,
- कुनै ओत नभए दुवै हातलाई टाउकोमाथि राखी निहुरिएर कुर्कुच्चा जोडी थुचुक बसौं
- भुईमा लम्पसार परेर नसुतौं ।

**घरभित्र हुँदा**

- टिभी र कम्प्युटरजस्ता विजुलीबाट चल्ने उपकरण नचलाऔं, विजुलीका स्वीच अफ गरौं,
- त्यस्ता उपकरण विजुलीको प्लगबाट छुटाऔं,
- तारवाला फोन प्रयोग नगरौं, मोवाइल स्वीच अफ गरौं,
- नुहाउने, लुगाधुने वा भाँडा माझ्ने काम नगरौ.
- झ्याल, भर्याङ, बरन्डालगायतका ग्रिल र वार नछोऔं
- भित्ता वा झ्यालमा अडेस लागेर नबसौं

नेपाल सरकार
विज्ञापन बोर्ड


# तत्काल संसदीय दलको नेता परिवर्तन हुने सम्भावना छैन : नेता डा कोइराला

रासस
काठमाडौं, १४ साउन

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले वर्तमान गठबन्धन सरकार विसं २०८४ सम्म निरन्तर रहने बताउनुभएको छ ।

विराटनगर विमानस्थलमा आज सञ्चारकर्मीहरूसँग कुरा गर्दै उहाँले सरकारले भ्रष्टाचार नियन्त्रण, सुशासनको प्रत्याभूति जनतालाई अनुभूति गर्नेगरी काम गर्नुपर्ने सुझाव दिनुभयो ।

कांग्रेस केन्द्रीय सदस्य डा कोइरालाले राजनीति गर्ने व्यक्तिले विभिन्न दलका नेताहरूसँग भेटघाट गर्नु सामान्य प्रक्रिया भएअनुसार पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी र पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालसँग आफ्नो छलफल भएको स्पष्ट पार्नुभयो ।

नेता कोइरालाले भन्नुभयो, "राजनीति गर्ने व्यक्तिमा नैतिकता हुनु जरुरी हुन्छ अन्यथा राजनीति धराप पर्छ ।" उहाँले नेपालको संविधानले पूर्वराष्ट्रपति र पूर्वउपराष्ट्रपतिलाई पुनः राजनीतिमा आउन नरोकेको बताउँदै तर आफ्नो विचारमा राजनीतिमा नफर्केको राम्रो हुने धारणा राख्नुभयो । गठबन्धन सरकार निर्माणको क्रममा भएको सात बुँदे सहमति कार्यान्वयन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। एक प्रश्नको जवाफमा नेता डा कोइरालाले कांग्रेसमा अहिले संसदीय दलको नेता परिवर्तन हुने कुनै सम्भावना नरहेको बताउनुभयो । एक फरक प्रसङ्गमा उहाँले कांग्रेसको महाधिवेशन तोकिएको समय विसं २०८२ मा हुने विचार राख्नुभयो ।


## Wanted

| | |
|---|---|
| F&B Executive | - 1 Person |
| Waitress | - 8 Person |
| Housekeeping | - 6 Person |
| Dishwasher | - 2 Person |
| Store/Purchase | - 2 Person |
| Account | - 1 Person |
| Reception/ Front Desk | - 10 Person (Female) |

Contact:
Maharaja The Royal Casino
Hallan Chowk- 6
Mobile No. 9766480428


## राजस्व ...

प्रभाव परेको कार्यालय प्रमुख केशवराज सुवेदीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अघिल्लो वर्ष स्थानीय तहले जग्गा वर्गीकरण गरी कित्ताकाट सुरु गरेसँगै जग्गाको कारोबार बढ्दा राजस्व सङ्कलनमा वृद्धि भएको थियो तर गत आर्थिक वर्षमा जग्गाको कारोबार पनि घटेकाले हुनसक्छ, राजस्व सङ्कलन घटेको छ ।"


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावाडीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-

१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्वन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।

– सास लिभोसन

## सम्पादकीय

# नाउपाको घर झगडा

दुई वर्षदेखि विवादमा रुमलिएको नागरिक उन्मुक्ति पार्टी (नाउपा) ले बहुमतबाट अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरीलाई पार्टीबाट हटाएको छाअध्यक्ष रञ्जितालाई नाउपाका संस्थापक नेता रहेका रेशम चौधरी पक्षधरले साधारण सदस्यसमेत नरहने गरी अध्यक्षबाट हटाएको छ । नाउपाको राष्ट्रिय भेलाले अध्यक्ष चौधरीलाई साधारण सदस्यसमेत नरहने गरी हटाएको हो । त्यसअघि मंगलबार निर्वाचन एवं अनुशासन आयोगले उनलाई कारबाही गर्ने निर्णय गरेको थियो । सोही निर्णयमा टेकेर बुधबार काठमाडौंमा आयोजित भेलाले अध्यक्ष श्रेष्ठ चौधरीलाई हटाउने निर्णय गरेको संस्थापक केन्द्रीय सदस्य बलवीर चौधरीले जानकारी ए गराएका छन् ।

पार्टी नेताहरुका अनुसार तीन सदस्यीय अनुशासन समितिमा रामलाल डगौरा थारु संयोजक, पुन्नबहादुर बुढा र सुनिता चौधरी सदस्य छन् । सुनिता चौधरी भने आर्थिक अनियमितताको अभियोगमा हाल कञ्चनपुरमा थुनामा छिन् । अध्यक्षसहित २१ जना केन्द्रीय सदस्य रहेको नाउपामा बुधबार आयोजित राष्ट्रिय भेलामा १२ जनाको उपस्थिति थियो । यस्तै भेलाका प्रतिनिधिहरुमा संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिलाई बोलाइएको थियो । भेलाले अध्यक्ष श्रेष्ठ चौधरीमाथि पाँच वटा कारण देखाएर कारबाही गरेका छनस नबोलाएको, स्पष्टीकरण नबुझाएको, कार्यवाहक तोकेको, पोखराको लिचीबारी जग्गा अनियमितता प्रकरणमा मुछिएको र पार्टीको विधिविधान मिचेको आरोप लगाइएको छ । नाउपाको अन्तरिम विधान २०७८ को दफा १३ मा राष्ट्रिय भेला सम्बन्धी व्यवस्था छ । तर राष्ट्रिय भेलाका प्रतिनिधिबारे भने उल्लेख छैन । केन्द्रीय कमिटीले राष्ट्रिय भेला बोलाउन सक्ने व्यवस्था छ । १३ (क) मा केन्द्रीय कमिटीले आवश्यक ठानेमा राष्ट्रिय भेला आयोजना गर्ने छ भनिएको छ भने १३ (ख) मा राष्ट्रिय भेलाले विधान, केन्द्रीय कमिटी, सचिवालयका सदस्य र पदाधिकारीहरुको चयन एवं हेरफेर र महाधिवेशनप्रति उत्तरदायी रहने गरी विधान हेरफेर गर्न सक्ने छ भनिएको छ ।

यसअघि आइतबार १३ जना संस्थापक केन्द्रीय सदस्य उपस्थित बहुमतको बैठकले अध्यक्ष श्रेष्ठ चौधरीलाई २४ घण्टे स्पष्टीकरण सोध्ने निर्णय गरेको थियो । अध्यक्ष श्रेष्ठ चौधरीले स्पष्टीकरण भने बुझाइनन् । त्यसअघि केन्द्रीय समिति बैठक बोलाउन बहुमत केन्द्रीय सदस्यहरुले ९ गते शुक्रबार २४ घण्टे 'अल्टिमेटम' दिएका थिए । तर अध्यक्ष श्रेष्ठ चौधरीले भने सुनुवाई गरेकी थिइनन् । शनिबार अध्यक्ष श्रेष्ठ चौधरीले संस्थापक केन्द्रिय सदस्य नरहेका वरिष्ठ नेता शिव बास्तोलालाई अन्तरिम विधान २०७८ को धारा २० (९) बमोजिम कार्यवाहक अध्यक्ष तोकेकी थिइन् । धारा १९ मा अध्यक्षको अधिकार र कर्तव्यसम्बन्धी व्यवस्थाको (६) मा अध्यक्षले 'आफूमा निहित अधिकार अन्य पदाधिकारीलाई प्रत्यायोजन गर्ने' भनिएको छ । बास्तोलालाई कार्यबाहक अध्यक्ष तोकिएपछि विवाद झन् चुलिएको थियो । अध्यक्षका विपक्षीहरुले संस्थापक केन्द्रीय सदस्य नै नरहेको व्यक्तिलाई केन्द्रीय सदस्य बनाउन नमिल्ने उनीहरुको जिकिर थियो । संरक्षक रेशम चौधरीले पनि कार्यवाहक तोकिएकोप्रति आपत्ति जनाउँदै गलत गरेको बताएका थिए । यता रञ्जिता पक्षधर संस्थापक केन्द्रीय सदस्यहरु भने यसरी अध्यक्षलाई हटाउन नमिल्ने बताउँछन्।

कार्यवाहक मनोनीत शिव बाँस्तोलाले पनि भेला र भेलाको निर्णय अर्थहीन हुने दाबी गर्दै आएका छन् ।' बैठक बोलाएकै विधानविपरीत छ । संसदीय दलले बैठक बोलाउनै मिल्दैन । त्यसैमा राष्ट्रिय भेलाका सहभागी प्रतिनिधिबारे पनि अन्योल छ । पोखराको बाटुलेचौरस्थित लिची बगानको जग्गा हिनामिना प्रपञ्चमा मुछिएकी अध्यक्ष चौधरीले शनिबार शिव बास्तोलालाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिएकी थिइन् । कार्यवाहकको जिम्मेवारी बाँस्तोलालाई दिइएपछि पार्टीको आन्तरिक विवाद झनै चुलिएको थियो । छोटो समयमा उदाएको नाउपा सरकारमा सहभागी भएपछि विवादमा पर्दै आएको हो।अझ मन्त्री आर्थिक मामिलामा कमजोर बनेको र विचौलीया मार्फत आर्थिक लेनदेनमा संलग्नताको आरोप लाग्दै आएको छापारिवारिक झगडा र सत्ता मोहले केही गर्ने आशा बोकेको पार्टी विवदै विवादमा फसेको छाघर झगडा अब पार्टीको प्रतिष्ठाको विषय बनाइएको छापार्टी बनाउन लागेकालाई पन्छाएर पारिवारिक बनाउन खोज्दा पार्टीमा विवाद आउने र पार्टी प्रतिनै वितृष्णा फैलाउने काम गरेको छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# ज्येष्ठ नागरिकलाई सहुलियतमा उपचार

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ साउन

बेनी अस्पतालले ज्येष्ठ नागरिकका लागि सहुलियतमा उपचार सेवा प्रारम्भ गरेको छ । ज्येष्ठ नागरिकलाई सहज रूपमा स्वास्थ्य सेवा प्रदान गर्ने सरकारको नीतिअनुसार सहुलियत उपचार सेवा थालिएको हो ।

पचास शैया क्षमताको यो अस्पतालमा ६० देखि ६९ वर्षसम्मका ज्येष्ठ नागरिकले अस्पतालद्वारा निर्धारित उपचार सेवामा ५० प्रतिशत छुट पाउनेछन् । सत्तरीदेखि ७९ वर्षसम्मकालाई ७५ प्रतिशत छुट दिइने व्यवस्था मिलाइएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष दिलकुमारी खत्रीले बताउनुभयो । असी वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरूलाई अधिकांश सेवा निःशुल्क गरिएको छ । वार्षिक ६० हजारभन्दा बढी बिरामीले उक्त अस्पतालबाट सेवा लिने गरेका छन् ।

# 'बसेपनि सहर: गाउँकै खाने रहर'

**पोखरापत्र संवाददाता**
दमौली, १४ साउन

यहाँको म्याग्दे गाउँपालिकाले अर्ग्यानिक उत्पादन र उपभोगमा जोड दिन 'बसेपनि सहर गाउँकै खाने रहर' को नीति ल्याएको छ।

आगामी आर्थिक वर्ष २०८२/८३ मा लागू गर्ने नीति तथा कार्यक्रममा 'बसेपनि सहर गाउँकै खाने रहर' को नीतिअन्तर्गत अर्ग्यानिक उत्पादन र उपभोगलाई जोड दिँदै कोदोको सेल, कोदोको मःमः, कोदोको बिस्कुट उत्पादन तथा बिक्री गरिने उल्लेख छ । नियमानुसार कोदोको रक्सी उत्पादन गर्नेलाई अनुदान सहायता प्रदान गर्ने नीति लिइएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताउनुभयो । उहाँले स्थानीय कोदोको रक्सीलाई ब्रान्डिङ गर्ने नीति लिइएको उल्लेख गर्नुभयो । स्थानीय उद्यमीले उत्पादन गरेको झोल साबुन, टोपी, अचार, गुन्द्रुक, मह, आदि गाउँपालिकाले खरिद गरी बिक्रीको व्यवस्था मिलाउने तथा व्यावसायिक रुपमा दुधालु गाई तथा भैंसी खरिद गरी दूध र दूधजन्य उत्पादन गर्ने किसानलाई लागत साझेदारीमा गाई तथा भैंसी खरिद अनुदान उपलब्ध गराइने श्रेष्ठले बताउनुभयो ।

**अनुदानमा रू ४० लाख**

गाउँपालिकाले विभिन्न क्षेत्रमा अनुदान दिनका लागि रु ४० लाख बजेट छुट्याएको छ । उपाध्यक्ष बालकृष्ण घिमिरेका अनुसार एचआइभी सङ्क्रमितलाई मासिक रु एक हजार भत्ता उपलब्ध गराइनेछ । त्यस्तै गम्भीर मनोसामाजिक पीडितलाई मासिक रु एक हजार भत्ता उपलब्ध गराइने बताउँदै घिमिरेले अन्तरजातीय दाइजोमुक्त जोडीलाई रु ५० हजार अनुदान दिइने बताउनुभयो । त्यस्तै गाउँपालिकाको लोगोसहित सगरमाथा आरोहण गर्ने युवालाई रु पाँच लाख प्रोत्साहन, अति गरिब तथा विपन्नलाई विद्युत महशुलमा रु तीन हजार छुटको व्यवस्था गरिएको छ ।

# तिब्बतबाट मेसिन ल्याएर गहुँ भित्र्याउँदै हिमाली भेगका किसान

**पोखरापत्र संवाददाता**
गोरखा, १४ साउन

हिमाली भेगका किसान कृषिमा यान्त्रिकरण भित्र्याउन थालेका छन् । बाली काट्ने तथा कुट्ने उपकरण तिब्बतबाट ल्याएर प्रयोग गर्नेक्रम बढेको हो ।

तिब्बती सीमा क्षेत्रमा अवस्थित चुमनुब्री-७ छेकम्पारमा अहिले गहुँ टिप्ने सिजन सुरू भएको छ । गहुँ टिप्न तथा भित्र्याउन पनि सबैले उपकरणको प्रयोग गर्ने गरेको स्थानीय चुम गुम्बाका प्रमुख लामा पासाङ फुञ्जो लामाले जानकारी दिनुभयो । मेसिनको प्रयोग गरेर खेती गर्न धेरै सजिलो भएको उहाँको भनाइ छ । "अहिले गहुँ टिप्ने सिजन सुरू भएको छ । सबैले तिब्बतबाट मेसिन ल्याएका छन् । घरघरमा गहुँ काट्ने र कुट्ने मेसिन छ । केही दिन सुकाएपछि गहुँ कुट्न पनि मेसिनकै प्रयोग गरिन्छ", लामाले भन्नुभयो, "१० जना मान्छेले गर्नेजति काम एउटा मेसिनले गर्नसक्दो रहेछ । धेरै सजिलो भएको छ ।" १० वर्षअघि सबैभन्दा पहिले आफूले गहुँ काट्ने मेसिन ल्याएको उहाँले बताउनुभयो ।

हिमाली भेगमा गहुँ टिप्ने सिजन सुरू भएपछि किसानमा उत्साह छाएको अर्का स्थानीय धावा छिरिङ लामाले बताउनुभयो । उहाँका अनुसार गाउँलेले पुज्दै आएका गुम्बाको गहुँ भित्र्याएर सिजनको सुरूआत गरिएको हो ।

बुधबार पहिलो दिन लामागाउँस्थित चुमगुम्बाको जग्गाको गहुँ भित्र्याइएको हो । "दुई दिनअघि गाउँलेहरूको सभा बस्यो । त्यहाँ लाप्राङ लामाले दिन जुराउनुभयो", उहाँले भन्नुभयो, "त्यहीअनुसार सबै गाउँलेहरू मिलेर चुमगुम्बाको गहुँ भित्र्याइयो । अब बिहीबारदेखि किसानको गहुँ काटिन्छ ।" गाउँलेहरू मिलेर आलोपालो गरी सबैको गहुँ भित्र्याउने प्रचलन रहेको उहाँले भन्नुभयो । "ङाक्यु, लेरुदेखि गहुँ काट्न सुरू हुन्छ । एक दुई दिन ङाक्यु र लेरुको काटेर सकिन्छ । अर्को एक दुईदिनमा लामागाउँको काटिन्छ", चुम गुम्बाका प्रमुख लामा पासाङ फुञ्जो लामाले भन्नुभयो, "त्यसपछि बुर्जी, लार, पाङ्दुन, छुले, निलेको काटिन्छ ।" करिब १५ दिनमा सबै गाउँलेले मुख्य बाली गहुँ भित्र्याइसक्ने उहाँले बताउनुभयो ।

चुमनुब्री गाउँपालिका-७ छेकम्पार तिब्बतको सीमा क्षेत्रमा अवस्थित गाउँ हो । ३३०० देखि ३५०० मिटर उचाइमा अवस्थित यहाँ गहुँ पाक्न ११ महिना लाग्ने गर्दछ । "गत असोजमा रोपेको गहुँ यतिबेला भित्र्याउन पाइन्छ", उहाँले भन्नुभयो, "अब खाली बसेको जग्गामा फेरि असोजतिर गहुँ लगाइन्छ । यहाँ गहुँ, फापर र आलु मात्र खेती गर्ने गरिन्छ ।"

# नेवार समुदायको सांस्कृतिक पहिचान झल्कने वर्षे नाच सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ साउन

म्याग्दीको सदरमुकाम बेनीमा मङ्गलबारदेखि नेवार समुदायको तीन सय वर्ष पुरानो सांस्कृतिक पहिचानको रुपमा रहेको बर्खे नाच मङ्गलबारदेखि सुरु भएको छ ।

पहिलो दिन लाखे नाच प्रदर्शन गरिएको छ । करिब तीन सय वर्षअघि भक्तपुरबाट नेवार समुदाय बेनीमा आएसँगै बेनीमा नेवार संस्कृतिको अभिन्न अङ्ग मानिएको वर्षे नाच भित्रिएको जानकारहरु बताउँछन् । यसरी बेनीमा भित्रिएको बर्खे नाचअन्तर्गत हरेक वर्षको नागपञ्चमीका दिनदेखि बेनीमा विभिन्न नाचका साथै लाखे नाच देखाउने गरिन्छ । नेपाल भाषा मंकाखलको आयोजना तथा यूवा सङ्गठन ल्यामपुचको व्यवस्थापनमा सदरमुकाम बेनीबजारमा लाखे नाच सुरु गरिएको हो । घण्टाकर्ण चतुर्दशीका दिन परापूर्वकालमा समाजमा दुःख दिएको र विकृति फैलाएको भनिएको घण्टाकर्ण नाम गरेको राक्षसको प्रतिमालाई म्याग्दी नदी र कालीगण्डकीको दोभानमा लगेर विसर्जन गरिएपछि बेनीमा बर्खे नाच भएको हो । पति वियोगमा विक्षिप्त बनेकी घण्टाकर्णकी श्रीमतीको चरित्र लाखे नाचमा प्रदर्शन गरिन्छ । ठूलाठूला आँखा भएकी, दाह्रा निस्केकी, जगल्टा फिँजाएकी स्वरुपकी घण्टाकर्णकी श्रीमतीलाई लाखेको सङ्ज्ञा दिएर प्रदर्शन गरिने यो नाच बेनीमा प्रसिद्ध छ ।

हरितालिका तीजको दिनसम्म देखाइने विभिन्न नाचलाई बर्खे नाच भनिन्छ । साउन १३ गतेदेखि सुरु भएको बर्खे नाचअन्तर्गत भदौ १० गते हरितालिका तीजको दिनसम्म विभिन्न नाच देखाउने तयारी भएको नेपाल भाषा मंकाः खलः अन्तर्गतको ल्यामपुचःका पूर्वअध्यक्ष एवं उद्योग वाणिज्य सङ्घ म्याग्दीका अध्यक्ष सुविन श्रेष्ठले बताउनुभयो ।

यही साउन ९ गते घण्टाकर्ण चतुदर्शीका दिन दानवको प्रतीक घण्टाकर्णको प्रतिमालाई कालीगण्डकी नदीमा विर्सजन गरेपछि बर्खे नाचका लागि तयारी सुरु गरिएको थियो । बेनीमा लाखे नाच, जोगी नाच, नागनागिनी नाच, श्रीकृष्ण रथयात्रासहित विविध नाच देखाइने गरिन्छ । जनशक्तिको अभाव हुन थालेपछि रोपाइँ नाच, हनुमान नाचलगायत धेरै जनशक्ति भएका नाचहरु भने नियमित हुन सकेका छैनन् । बर्खे नाचको सुरुवात लाखेको पति अर्थात् घण्टाकर्ण नामक राक्षसको पुत्ला दहन गरेर हुन्छ भने तीजको दिन साँझमा दानवीय स्वरूपको लाखेलाई भगवान् श्रीकृष्णरुपी शक्तिले बध गरेपछि यो नाचको अन्त्य गरिन्छ । हिन्दू धर्म ग्रन्थमा वर्णित द्वापरयुगमा भगवान् श्रीकृष्ण र उनका मामा कंशबीचको लडाइँको अभिनय गरी यो नाच नाच्ने गरिन्छ । नेपाल भाषा वंशावलीअनुसार लाखे नाचको चलन राजा गुणकामदेवले सुरु गरेको बताइए राजा प्रताप मल्लका पालादेखि मुकुट लगाएर लाखे नाच्ने गरिएको नेवार समुदायका अगुवाले बताएका छन् । बर्खे नाचअन्तर्गत लाखेनाच, घोडानाच, नागानागीनी नाच, श्रीकृष्ण र रथयात्रासहित विविध नाच देखाइने नेपाल भाषा मंका खलःका उपाक्ष्यक्ष कुबिरकुमार श्रेष्ठले बताउनुभयो । बर्खे नाचअन्तर्गत जनैपूर्णिमाको दिन र भोलिपल्ट वर्षभरिमा दिवङ्गत भएका व्यक्तिको घरबाट उनीहरुको सम्झनामा सापरु अर्थात नागानागीनी नाच निकाल्ने चलन छ । बेनी बजारमा बस्ती बसेदेखि नै नेवार समुदायको सक्रियतामा बर्खे नाच देखाउँदै आएको पाइन्छ ।

ऐतिहासिक महत्व बोकेको यो नाचमा पछिल्लो समय बेनीका युवाले सक्रियतापूर्वक सहभागिता जनाउने गरेका छन् । घण्टाकर्ण पर्वको अवसरमा बेनीस्थित संगम चोकमा घण्टाकर्णको आकृति बनाएर बजार परिक्रमा गरी म्याग्दी र कालीगण्डकी नदीको दोबानमा लगेर बिसर्जन गर्ने परम्परा छ । तीजको दिनमा दानवीयस्वरुपको लाखेलाई भगवान श्रीकृष्णले बध गरेपछि असत्यमाथि सत्यको विजयी हुने सन्देशसहित यो नाच सकिने प्रचलन रहेको नेपाल भाषा मंका खलःका उपाध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो ।

# बर्खामा पनि ढोरपाटनमा पर्यटक भरिभराउ

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ साउन

बागलुङको पर्यटकीय गन्तव्य ढोरपाटनमा पर्यटक बढेपछि गोठालाको आय आर्जनमा वृद्धि भएको छ ।

ढोरपाटन पुगेका केही पर्यटक पदमार्गमार्फत बुकीपाटन पुग्ने गरेका छन् । बुकी पुग्ने पर्यटकका लागि खान बस्नमा सघाउँदै आएका गोठालको आम्दानी बढ्दै आएको छ । पदमार्ग आसपास र बुकीपानमा चिया नास्ताका लागि स्थानीय उत्पादन खपत हुने गरेको छ । बुकीपाटन पुगेका पर्यटकह गोठमै बस्ने र खाने गर्दा भैंसीको दूध, घ्यू तथा भेडाको मासु गोठमै खपत हुन थालेको हो । गोठालाले उत्पादन गरेको दूध, दही र महीसमेत बुकीपाटनमै खपत भएपछि आयआर्जनमा वृद्धि भएको गोठालाहरू बताउँछन् । उनीहरूले पर्यटकलाई भैंसीको दूधसँगै दूधबाट बन्ने खिर, चिया, मही तथा दही खुवाएर आम्दानी गर्न थालेका छन् । भैंसी पालेर घ्यू उत्पादन गरेर बिक्री गर्दै आउनुभएका बुकीपाटनका भैंसी गोठाला ७२ वर्षीय देवबहादुर विकले चरीचरनका रुपमा रहेको बुकीपाट पर्यटकीय गन्तव्य बनेपछि गोठमै पैसा आउन थालेको बताउनुभयो । "पहिला त ढोरपाटन ल्याएर घ्यू बिक्री गरिन्थ्यो, मही त फालिन्थ्यो, अहिले बर्खामा पर्यटक भरिभराउ छन् बुकीपाटनमा पर्यटकहरू आएपछि महीसमेत बिक्री हुन्छ", उहाँले भन्नुभयो, "पर्यटक बढेपछि यही गोठमा समेत बस्न आउँछन्, भैंसीको दूधको खिर पकाएर पर्यटकलाई खुवाइन्छ, गोठमै दूध, मही बिक्री भएपछि बोकेर ढोरपाटन ल्याउनैपर्ने भएन ।"

बुकीपाटन उक्लनले बीच बाटोको चेप्टेढुङ्गामा गोठबाटै चिया बिक्री गरेर राम्रो आम्दानी गरेको गुमानसिंह कुमाइले बताउनुभयो । बुकी उक्लनेलाई प्रतिगिलास रु १०० मा चिया बिक्री गर्दै आएको उहाँको भनाइ छ । दूधको चिया खपत भएपछि घ्यू र दही बनाउने झन्झट नभएको कुमाइको भनाइ छ । उहाँको गोठमा एकै दिन १०० गिलाससम्म चिया खपत भएको छ ।

तीन वटा भैंसी र ६० वटा बाख्रा पाल्दै आउनुभएको कुमाइको चेप्टेढुङ्गामा अस्थायी घुम्ती गोठ रहेको छ । पदयात्राको छेउमै गोठ भएकाले दूध र चिया असारयता निकै खपत भएको उहाँको भनाइ छ । "बुकीमा चरेका भैंसीको दूधको चिया पदयात्रीले निकै मिठो मानेर खाने गरेका छन्, दूधबाट चिया बनाउन थालेपछि यो सिजनमा घ्यू बनाउन आवश्यक छैन", कुमाइले भन्नुभयो, "पर्यटकका कारण गोठमै पैसा आएको छ, पहिला-पहिला खेर जाने मही समेत अहिले महँगो मूल्यमा बिक्री हुन्छ, घण्टौं हिँडेका पदयात्रीले मिठो मानेर मोही, दही, चिया खाने गरेका छन् ।" ढोरपाटनमा एक वर्षमै आठ हजारले पर्यटक वृद्धि भएपछि बुकीपाटन यसपटक गुल्जार बनेको छ । ढोरपाटनको प्रचारप्रसार, पर्यटकीय पूर्वाधार, बुकी र जलजलामा पदयात्रा गर्ने पर्यटकका कारण पर्यटकको सङ्ख्या बर्सेनि बढ्दै गएपछि घोडा सफारी गर्ने, घरबासमा बस्ने र गोठमा बस्ने पर्यटकका कारण आय आर्जनमा सघाएको छ ।

ढोरपाटनमा सिकार खेल्न मात्रै विदेशी पर्यटक आउने गरेकामा पछिल्लो समय सिकार आरक्ष क्षेत्र अवलोकन, ढोरपाटन उपत्यका, निशेलढोर र ढोरबराह मन्दिर, बुकी पाटन र जलजलालगायतका क्षेत्रको अवलोकनका लागि आन्तरिक पर्यटक त्यहाँ आउने गरेका छन् । समुद्री सतहदेखि दुई हजार ९०० मिटरको उपत्यकादेखि चार हजारभन्दा माथिको बुकीपाटनसम्म पर्यटक पुग्ने थालेका छन् ।

HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**

**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएकोरनासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | ULI ६०५०००११७० | एक राज ओली | बिजौरी २, दाङ |
| २ | ULI ४०००००१८३५ | बिष्णु बहादुर खत्री | तिलाहार ९, पर्वत |
| ३ | GLI ६११०००४८३ | शुभेक्षा अधिकारी | पुतलीबजार १३, स्याङजा |

# तीज गीतमार्फत सामाजिक चेतना जगाउँदै हरिदेवी कोइराला

**जमुना वर्षा शर्मा**
पोखरा, १४ साउन/रासस

रुढीवाढी यो समाजको अग्लो पर्खाल नाघेर
महिला हामी एक भई उठौं जागेर
......

गायिका हरिदेवी कोइरालाको लय, शब्द र स्वरमा सजिएको यो तीज गीतमार्फत महिलालाई हक र अधिकार प्राप्तिका लागि अघि बढ्न आह्वान गरिएको छ । तीज महिलाको पर्व भएकाले तीजका गीतमा महिलाका कथा नै हुनुपर्छ भन्नुहुन्छ उहाँ । उहाँका तीज गीतमा पनि महिलाका दुःख, पीडा, बेदना, सङ्घर्षका कथाका साथै हक र अधिकारका विषय उठान गरिएको पाइन्छ । नारीहरुको महान् पर्व तीज नजिकिँदै गर्दा उहाँले जस्तै बजारमा तीजका गीत ल्याउने क्रम सुरु भइसकेको छ । केही गीतमा मौलिकता झल्किन्छ भने केही गीत आधुनिक शैलीका छन् । पछिल्लो समय तीजका गीतमा आधुनिकता हावी हुँदा यसको मौलिकता हराउने पो हो कि भन्नेमा गायिका कोइराला चिन्ता व्यक्त गर्नुहुन्छ । त्यसै सिलसिलामा उहाँले यस पटक पनि 'उठौं जागेर' बोलको तीज गीत ल्याउनुभएको छ।

कोइरालाको आफ्नै स्वर, शब्द र लयमा सजिएको यस गीत तीजको मर्म र महिलामाथि भइरहेको प्रहारविरुद्धलाई उठान गरिएको छ। गीतमार्फत महिलालाई अधिकार र सम्मानका लागि एकजुट



हुन आह्वान गरिएको छ । तीज गीतमा बढ्दो विकृतिप्रति चिन्तित कोइरालाले हरेक वर्ष मौलिक भाकाका गीतहरू सिर्जना गर्दै आफ्नो कर्मलाई निरन्तरता दिँदै आउनुभएको छ। यो वर्षको 'उठौं जागेर' उहाँको पहिलो प्रस्तुति हो । बाँकी तीन गीतको रेकर्डिङ सकिएको र छिट्टै बजारमा आउने तयारीमा रहेको उहाँको भनाइ छ । "मैले यसपटक राम-सीताको गाथा जस्ता धार्मिक प्रसङ्ग, छोरीको इच्छाविपरीत विवाह गरिदिने सामाजिक पीडा, माइतीको सम्झनालाई गीतमा उतारेकी छु", उहाँले भन्नुभयो, "तीजका गीत महिलाका सुख, दुःख, बेदना र सामाजिक चेतना बोल्ने सशक्त माध्यम हुन्, तर आजभोलि बजारमा आउने अधिकांश गीत महिलाको अस्मितामाथि धावा बोल्दै वस्तुकरण गर्न खोजेको जस्तो देखिन्छ ।" उहाँले आफू तीज संस्कृति र सङ्गीतको संरक्षणमा आफू एक्लै भए पनि निरन्तर लागिरहने बताउनुभयो।

"लोक संस्कृति जोगाउनु केवल पुराना गीत संरक्षण मात्र होइन, यो हाम्रो सामूहिक पहिचान र अस्तित्वको आधार हो। यसले हामीलाई आफ्नो इतिहास र पुर्खाको ज्ञानसँग जोड्दै सामाजिक एकतालाई बलियो बनाउँछ । हाम्रो मौलिक कला, ज्ञान र जीवनशैलीलाई बलियो पार्दै भावी पुस्तालाई मौलिक चिनारी हस्तान्तरण गर्न लोक संस्कृतिको संरक्षण अपरिहार्य छ", उहाँले भन्नुभयो। कोइरालाको मौलिकताको खोज केवल शब्द र सन्देशमा मात्र सीमित छैनन्, परम्परागत मौलिक घर, चौतारी, कुवा पँधेरो, गोठ, खेतबारीको मौलिकपन पनि भेटिन्छ। समय बदलिए पनि महिलाका लागि आज समाज सुरक्षित हुन नसकेको र महिलामाथि शोसन दमन र विभेद उस्तै रहेको अनुभव सुनाउँदै उहाँले मौलिकताभित्र सशक्तीकरण र विद्रोहका गीत गाएर सामाजिक जागरण ल्याउन सकिने विचार राख्नुभयो।

तीजको सन्दर्भ, परिवेश र विषयवस्तुभन्दा बाहिर गएर केवल चर्चाका लागि गीत बनाउने प्रवृत्ति हावी भएकाले यसलाई निरुत्साहित गर्न सर्जक मात्र नभइ सञ्चारमाध्यम र सरोकारवाला निकायले विशेष भूमिका खेल्नु आवश्यक रहेको उहाँको भनाइ छ। "अहिले तीज गीतमा छाडापन बढ्नुको मुख्य कारण नै भाइरल हुने होड र व्यापारीकरण हो, टिकटक र युट्युबमा छिटो चर्चा पाउनकै लागि सर्जकहरूले तीजको मौलिक मर्म बिर्सेर अपाच्य शब्द र भड्किलो नाचलाई प्राथमिकता दिएका छन्, यो गलत हो", उहाँले भन्नुभयो। पहिले चेलीको दुःख पोख्ने माध्यम बनेको तीज गीत, अहिले सतही मनोरञ्जन र पैसा कमाउने साधनमा सीमित बन्नु दुर्भाग्यपूर्ण भएको उहाँको बुझाइ छ।

विसं २०१५ चैत १७ गते कास्कीमा जन्मनुभएकी कोइराला नेपाली लोक सङ्गीत र साहित्यकी एक अग्रणी साधक बनेर मौलिक सङ्गीतमा रमाउनुभएको छ । विसं २०४५ देखि निरन्तर नेपाली गीत सङ्गीतमा सक्रिय उहाँले हालसम्म आठ सयभन्दा बढी गीत सक्नुभएको छ भने ८० भन्दा बढी एल्बम रेकर्ड गराउनुभएको छ। उहाँले हम्काइलो, ऐना हेरेर, पाइन खबर, फूलको बास्ना जस्ता कैयौं कालजयी गीत गाइसक्नुभएको छ।

उहाँको विशेषता भनेको गीतमा सामाजिक र राष्ट्रिय महत्वका विषयलाई उठाउनु हो । उहाँका सिर्जनामा दरबार हत्याकाण्ड, भूकम्प, कोरोना महामारी, हवाई दुर्घटना जस्ता राष्ट्रिय एवं प्राकृतिक विपत्तिदेखि लिएर बढ्दो राजनीतिक विकृति, दाइजो प्रथा, पारिवारिक कलह, जुवातासको असर र छोरीहरूले भोग्नुपरेका पीडा जस्ता सामाजिक मुद्दाहरू उठान हुने गर्दछन् । उहाँका गीत केवल मनोरञ्जनका लागि होइनन्, समाजलाई झक्झकाउने र सकारात्मक परिवर्तनको सन्देश दिने ऐना रुपमा लिन सकिन्छ।

# हुलास स्टिल ईण्डष्ट्रिजद्धारा मसलन्द सामाग्री वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १४ साउन

हुलास स्टिल इण्डष्ट्रिज लिमिटेड शाखा कार्यालय पोखराले पोखरा-१८, लामागाउँ स्थित सिर्जना आधारभुत विद्यालयमा एक कार्यक्रमका बीच विद्यालयका लागि आवश्यक मसलन्द सामाग्री वितरण गरेको छ।

दिवाकर गोल्छा अर्गनाइजेशनका संस्थापक स्व. दिवाकर गोल्छाको ७२ औं जन्म जयन्तीको अवसरमा उहाँको चिरशान्तिको कामना गर्दै आइतबार मसलन्द सामाग्री



वितरण गरिएको हो। कार्यालयले विद्यालयका व्यवस्थापन समिति अध्यक्ष गणेश गिरीको अध्यक्षता एवम् पोखरा -१८ का वडा सदस्य नमराज सुवेदीको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । हुलास स्टिल इण्डष्ट्रिज लिमिटेडका पोखरा प्रमुख तथा एरिया इन्चार्ज गणेश देवकोटाले विद्यालयलाई मसलन्द सामग्री हस्तान्तरण गर्नुभएको थियो । विद्यालयका प्रधानाध्यापक अनिता सुवेदीले स्वागत मन्तव्य व्यक्त गर्नु भएको कार्यक्रमको संचालन शिक्षक रंगीता सुवेदीले गर्नुभएको थियो।

# कांग्रेसद्धारा पृथ्वीमान गुरुङलाई उच्च सम्मान

**रासस**
चितवन, १४ साउन

विद्यार्थीकालदेखि राजनीतिमा सक्रिय रहनुभएका पृथ्वीमान गुरुङले जब विद्यार्थी कोइरालालाई भेट्नुभयो, त्यसपछि उहाँको राजनीति नेपाली कांग्रेसमा सक्रिय रुपमा अघि बढ्यो। विसं २०३१ मा विद्यार्थी कोइराला पश्चिमाञ्चल क्षेत्रको भ्रमणमा रहँदा भेट्नुभएका गुरुङले कोइरालाकै परामर्शमा चितवन झरेर सक्रिय राजनीतिमा लाग्नुभएको जनाइएको छ।

विसं २००६ मा कास्कीमा जन्मिनुभएका गुरुङले एमएसीसम्मको अध्ययन गर्नुभएको थियो । प्राध्यापन समेत गर्नुभएका बौद्धिक व्यक्तित्व गुरुङले प्राध्यापन छोडेर चितवनको राजनीतिमा सक्रिय रुपमा लाग्नुभयो। केही समय अघिसम्म गण्डकी प्रदेशको प्रमुखको रुपमा रहनुभएका गुरुङको यही साउन १० गते चितवनस्थित निवासमा निधन भएको छ। राजनीतिक र सामाजिक जीवनमा ठूलो योगदान पुऱ्याउनुभएका गुरुङको निधनसँगै प्रदेश सरकार र उहाँको पार्टी कांग्रेसले उच्च सम्मान व्यक्त गरेको छ।

तीन दिनसम्म जिल्लास्थित पार्टीका कार्यालय बन्द गरेको कांग्रेस चितवनले आज जिल्लाका सबै तहहरूमा शोक पुस्तिका राखेर सम्मान व्यक्त गरेको छ। जिल्ला सभापति राजेश्वर खनालका अनुसार गुरुङ विद्यार्थीको परामर्शमा चितवन आएर प्राध्यापक छोडेर यहाँको सामाजिक परिवर्तन र राजनीतिक काममा सक्रिय हुनुभएको हो।

नेपाली कांग्रेसको जिल्ला कार्यसमितिको धेरै पटक सदस्य, आठौं महाधिवेशनदेखि नै महासमिति सदस्य रहनुभएका गुरुङ विसं २०६१ देखि ०६३ सम्म जिल्ला सभापति हुनुभयो। विसं २०४६ मा तत्कालीन जिल्ला सभापति कृष्णलाल सापकोटाको संयोजकत्वमा केन्द्रले गठन गरेको पाँच सदस्यीय जनआन्दोलन समितिमा उहाँ सदस्य हुनुहुन्थ्यो।विसं २०४८ मा चितवन क्षेत्र नं ३ बाट पार्टीको तर्फबाट उम्मेदवार भएर गुरुङ झिनो मतले पराजित हुनुभयो। पराजित भए पनि उहाँ जनताको काममा निरन्तर लाग्नुभयो । विद्यार्थी क्यान्सर मेमोरियल अस्पताल, माडीलाई भरतपुरसँग जोड्ने राप्तीमा पुल निर्माण, निकुञ्जभित्रको बस्ती पदमपुर स्थानान्तरण, पूर्वी चितवनको राप्ती तटबन्धनजस्ता जिल्लाका ठूला विकास आयोजनामा उहाँको महत्वपूर्ण भूमिका रहेको खनाल बताउनुहुन्छ। विसं २०४८ पछि गिरिजाप्रसाद कोइराला पटकपटक प्रधानमन्त्री हुँदा यी विकासका आयोजना सम्पन्न भएका हुन्। त्यसो त सो समयमा पश्चिम चितवनको विकासमा गुरुङको योगदान महत्वपूर्ण छ । पश्चिम चितवन मात्रै होइन भरतपुर क्षेत्रमा सञ्चालनमा आएका ठूला दुई मेडिकल कलेज स्थापना गर्न गुरुङले भूमिका निर्वाह गरेको खनालले बताउनुभयो।

पार्टीमा रहेर जनताको हितमा काम गरेका कारण पूर्व सभापति गुरुङलाई जिल्ला समितिले उच्च सम्मान दिएर १३ दिनसम्म नै शोकका कार्यक्रम मात्रै गरिरहेको खनाल बताउनुहुन्छ।

# स्याङ्जामा ८५ प्रतिशत धान रोपाइँ

**पोखरापत्र संवाददाता**
स्याङ्जा १४ साउन

स्याङ्जामा हालसम्म ८५ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ सकिएको छ।

धान रोपाइँ हुने कुल १४ हजार ३९० क्षेत्रफलको ८५ प्रतिशत क्षेत्रफलमा रोपाइँ सकिएको कृषि ज्ञान केन्द्र स्याङ्जाले जनाएको छ । जिल्लाको उत्तरी भेगमा धान रोपाइँ सकिनै लाग्दा दक्षिण भेगमा रोपाइँ बाँकी नै छ । जिल्लाका ११ पालिका मध्ये फेदीखोला र अर्जुनचौपारीमा ९८, आँधीखोला गाउँपालिकामा ९७, पुतलीबजार नगरपालिकामा ९५, भीरकोट नगरपालिका र हरिनास गाउँपालिकामा ८५ प्रतिशत रोपाइँ सकिएको छ । वालिङ, गल्याङ नगरपालिका र बिरुवा गाउँपालिकामा ८०/८० र कालिगण्डकी गाउँपालिकामा ७५ प्रतिशत रोपाइँ सकिएको केन्द्रले जनाएको छ। सबैभन्दा कम चापाकोटमा ७० प्रतिशत रोपाइँ सकिएको छ। यस वर्षको साउन मध्यसम्ममा पर्याप्त वर्षा नहुँदा गत वर्षको तुलनामा कम प्रतिशत रोपाइँ भएको छ। मुल फुट्ने गरी वर्षा नहुँदा आकाशे पानीको भरमा रोपाइँ गर्दै आएकाहरु बढि प्रभावित भएका छन् । चापाकोट, गल्याङ, वालिङ, कालीगण्डकी जिल्लाको दक्षिण भेगमा अझै रोपाइँ जारी रहेको केन्द्रले जानकारी दिएको छ।

यस वर्ष सरदर ९० प्रतिशत रोपाइँ हुने अनुमान गरिएको छ । चापाकोट क्षेत्र, गल्याङ्को जिमूहा, भीरकोटको पकान, डौंवा, पुतलीबजारको लामागे, ठुलिबेशी तथा आँधीखोला, ज्याग्दीखोला र दरौंखोला आसपासका क्षेत्र जिल्लाको धानखेती पकेट क्षेत्र हुन्।पछिल्लो समय उन्नत जातका धानहरु लगाउने प्रचलन बढ्दै गएको छ । कृषकले विशेषगरी रामधान, साबित्री, सुनौलो सुगन्ध, सामा मन्सुली सव १ जस्ता उन्नत जातका धान लगाउने गरेका छन् । हाईब्रिड तर्फ युएस ३१२, च्याम्पियन लगायतका धानहरु लगाउने गरेका छन् । जिल्लामा रोपाइँ हुने क्षेत्रफल क्रमशः घट्दै गएको छ। पछिल्लो समय जिल्लाका समथर र खेतीयोग्य जमिनमा बढ्दो बजारीकरणसँगै सडक तथा घर घडेरी बनाउने क्रमले उर्बर भूमि नासिदै गएको छ। तथ्याङ्क अनुसार १६ हजार बढि हेक्टर खेतीयोग्य जमिनमा करिब ४ वर्षको अन्तरालमै झण्डै २ हजार हेक्टर जमिन नासिएको छ।

# घरखर्च चलाउने आम्दानी बन्न थाल्यो निहुरो

**पोखरापत्र संवाददाता**
म्याग्दी १४ साउन

म्याग्दीको उच्च पहाडी क्षेत्रको जङ्गलमा पाइने डौडे (निहुरो)ले बजार पाउन थालेपछि आम्दानीको माध्यम बनेको छ।

केही वर्षअघिसम्म जङ्गलमा कुहिएर खेर जाने निहुरो बिक्री हुन थालेपछि ग्रामीण क्षेत्रका बासिन्दाले आम्दानीको स्रोत बनाउन थालेका हुन् । अन्नपूर्ण गाउँपालिका-१ दोवाका वडाध्यक्ष दिलीप गर्बुजाले सडक यातायात र ढुवानीको सुविधा भएपछि निहुरोले बजार पाएको बताउनुभयो। "बर्खेबाली लगाएर फुर्सदीला बनेका गाउँलेहरू साउन र भदौ महिनामा दैनिकजसो जङ्गलबाट टिपेर ल्याएको निहुरो गाडीवालालाई बेच्छन्", उहाँले भन्नुभयो, "गाडीवालाले गाउँबाट यात्रुसँगै डौडे बोकेर बजार पुऱ्याउँछन् ।" दोवामा निहुरोबाट वार्षिक रु २५ देखि ३० लाख नगद भित्रने गरेको वडाध्यक्ष गर्बुजाले बताउनुभयो । दोवाकी निहुरो सङ्कलक मायाकुमारी पुनले प्रतिकिलो रु ६५ देखि



७० मा गाउँबाटै निहुरो बिक्री हुने गरेको बताउनुभयो। "कुहिएर खेर गइरहेको निहुरो हाम्रा लागि आम्दानीको स्रोत बनेको छ", उहाँले भन्नुभयो, "फुर्सदको समय सदुपयोगका साथै घरखर्च चलाउने आम्दानी जुटाएका छौं ।" दोवाका साथै दग्नाम, चिमखोला, पाल्लेखेत, मुना र हिदीबाट बेनी आउने गाडीले दैनिक ५०० किलोग्राम निहुरो बेनीमा ल्याउने गरेका व्यापारीले बताएका छन् । बेनीका तरकारी तथा फलफूल व्यवसायी देवेन्द्र सुवेदीले गाउँबाट आउने निहुरो बागलुङ, कुश्मा र काठमाडौं पठाउने गरेको बताउनुभयो। "बेनी आइपुग्दा प्रतिकिलो दौडेको मूल्य रु १०० देखि रु १२० सम्म पर्छ", उहाँले भन्नुभयो, "गत वर्ष दैनिक एक हजार किलोग्राम निहुरो आउने गरेको थियो । यसपालि गाउँबाट गत वर्षको तुलनामा आधा मात्रै निहुरो आएको छ । माग धान्न सकिएको छैन।" समुद्री सतहदेखि एक हजार ५०० देखि दुई हजार ५०० मिटर उचाइको ओसेपिलो ठाउँमा बर्खा याम निहुरो प्राकृतिक रुपमा उम्रन्छ । निहुरोको मुना छिप्पीएपछि सोत्तर हुन्छ। मुना अवस्थाको निहुरोलाई पकाएर तरकारी र अचारका रुपमा प्रयोग गर्न सकिन्छ । यो एक जैविक तरकारी समेत हो।

निहुरो टुसा पलाएको चार/पाँच दिनभित्र ठूलो झ्याङ भएको निउरो बन्छ । निहुरोमा एन्टीअक्सिडेन्ट पाइने भएकाले औषधीय र पोषणयुक्त तरकारीको रूपमा लिन थालिएको छ। बेनीका होटल व्यवसायी पूर्ण गौचनले पोषिलो, स्वादिलो र स्वस्थकर हुने भएकाले निहुरोको तरकारी र अचार पाहुनाले रुचाउने बताउनुभयो।

स्वास्थ्यकर्मीहरूका अनुसार भिटामिन 'ए', 'बी' र 'सी' पर्याप्त मात्रामा पाइने निहुरोमा आइरनको मात्रा पनि हुन्छ । आँखाको दृष्टि कमजोर भएकाहरूले पनि नियमित खाँदा लाभदायक हुन्छ। मुटु र मधुमेह रोगीहरूका लागि पनि निहुरो निकै उत्तम आहार मानिन्छ। यसको तरकारी खानाले क्यान्सरका बिरामी, भाइरल खोकी, चिसो लाग्दा र फोक्सोका बिरामीलाई फाइदा हुने उपभोक्ताको अनुभव छ।

# स्याङ्जामा वर्ष दिनमा ३० किमि सडक कालोपत्रे

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १४ साउन

स्याङ्जाका शहरी र ग्रामीण क्षेत्रका धेरै कच्ची सडक पछिल्लो एक वर्षमा कालोपत्रे भएका छन् । आर्थिक वर्ष २०८१/०८२ मा पूर्वाधार विकास कार्यालयले ३० किलोमिटर सडक कालोपत्रे गर्न सफल भएको छ। ५० किमि कालोपत्रे गर्ने लक्ष्य राखेको कार्यालयले ३० किमि सडक मात्रै कालोपत्रे गर्न सफल भएको हो।

धेरै सडकहरु बहुवर्षिय योजनामा समाबेश भएको हुँदा लक्ष्य अनुसार सडक कालोपत्रे गर्न नसकिएको कार्यालयले जनाएको छ। कतिपय सडक बहुवर्षिय योजनामा थिए भने कतिपय योजनालाई आर्थिक श्रोत व्यवस्थापन गर्न नसक्दा लक्ष्य पुरा हुन सकेन् । कार्यालयका अनुसार निर्माण थालिएका केहि सडक योजना निर्माण कम्पनीको कमजोरीले कालोपत्रे गर्न सकिएन्।

पछिल्लो एक वर्षमा चापाकोट-हरिनास जोड्ने दामाचौर-हिलामऱ्याङ १० दशमलब ५, राङ्खोला-बिरुवा खण्डमा पर्ने राङखोला-धोबादी ६ दशमलब १, पुतलीखेत-सिरुबारी पर्यटकीय सडक अर्न्तगत पुतलीखेतदेखि सतौ-दरौ ३ दशमलब १, बिरुवा र हरिनास दुई पालिका जोड्ने बिरुवा-किचनास खण्ड १ दशमलब ७ तथा दुई जिल्ला स्याङ्जा र पर्वत जोड्ने वालिङ-हुवास खण्डको पिपलटारी-बोदीभञ्ज्याङ १ दशमलब ५ किलोमिटर सडक कालोपत्रे भएको छ । त्यसैगरी अल्छीखोला-रानीपोखरी खण्डमा ८५० मिटर, बिरुवा र भीरकोट दुई पालिका जोड्ने सडक खण्डको बयरघारी-बानेथोक ८ सय मिटर, ढाडाँखेत-दाह्रेगौडा २ सय मिटर सडक कालेपत्रे गरेको पूर्वाधार विकास कार्यालय स्याङ्जाका प्रमुख दयाराम अधिकारीले बताए। 'वार्षिक कार्ययोजना अनुसार सडक निर्माणमा पुरा जनशक्ति केन्द्रित गर्दा समेत ५० किलोमिटर सडक कालोपत्रे गर्ने लक्ष्य प्राप्ति गर्न सकिएन् ।' प्रमुख अधिकारीले भने, 'वर्ष भरिमा ३० किलोमिटर सडक मात्रै कालोपत्रे गर्न सकियो।' ठेक्कामा लाग्ने सयम, बहुवर्षिय योजना, श्रोत सुनिश्चित नहुँदा र निर्माण कम्पनीले बीचमै काम छाड्दा लक्ष्य पुरा हुन नसकेको अधिकारीले बताए।

गएको वर्ष ठेक्का सम्झौता भएका १२ वटा बहुवर्षिय सडक योजनाहरू तोकिएको समय सिमाभित्र पुरा भएन् । कार्यालयका अनुसार मालुङ्गा-रुद्रबेणी सडक सम्झौताको समय सकिन तीन महिना बाँकी रहँदा ५५ प्रतिशत काम भएको छ। सात महिना समय बाँकी रहेको रत्ने-सुन्तलाबारी पर्यटकीय सडकको निर्माण कम्पनीले काम छाडेर हिँडेको छ। बहुवर्षिय ठेक्का तर्फकै गल्याङ्-चापाकोट, कोल्मा-ज्यामिरे, दरौ-आरुचौर, बायटारी-सेतिबेनी, किनारे भञ्ज्याङ-धुर्कोट, जिमुवा-पाखिचौर, पिपलटारी-बोदीभञ्ज्याङ्, अर्जुनचौपारी-रापाकोट, वालिङ-हुवास र बलमाटा-खिलुङ् सडकको सम्झौता समय सकिन लाग्दा निर्माणको काम सुस्त छ। ग्रामीण भेगका सडक कालोपत्रे भएसँगै स्थानीय उत्साहित भएका छन् । हिउँदमा खपी नसक्नु धुलो र वर्षातमा पानी पर्नासाथ हिलोमा हिँड्न बाध्य उनीहरुलाई सकडले सहज बनाएको छ । पक्की सडक बनेपछि स्थानीयस्तरमा उत्पादित वस्तु निर्यातमा सहज हुने भएपछि स्थानीय कृषि, व्यापार व्यवसायमा स्वरोजगार र आर्यआर्जनमा जोडिन थालेका छन्। गएको आर्थिक वर्षमा छ वटा पक्की पुल निर्माण गर्ने भनिएकोमा पौवेगौडे र रातोखोला २ पुल निर्माण सम्पन्न भएका छन् भने अन्य पक्की पुल निर्माणको क्रममा रहेको कार्यालयले जनाएको छ । कार्यालयले दिएको जानकारी अनुसार गएकै वर्ष जिल्लामा ५ वटा झोलुङे पुल निर्माण भएका छन् । आर्थिक वर्ष २०८१/०८२ मा १ अर्ब ३८ करोड ३ लाख ३४ हजार कुल बजेटमा कार्यालयले १ अर्ब १ करोड १२ लाख ६५ हजार पुँजीगत खर्च गरेको छ। जिल्लामा प्रदेश सरकारबाट प्राप्त पुँजीगत खर्च ८० दशमलब २० प्रतिशत हुँदा पूर्वाधारको ७३ दशमलब २६ प्रतिशत वित्तीय प्रगति छ । वित्तीय प्रगति कमजोर भएको कार्यालयले समयमै काम नसक्दा ३६ करोड ९० लाख पुँजीगत बजेट फ्रिज भएको छ।